# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

पत्र संख्या : नि.व्य.वि/२०७५/७६
चलानी नं : १५५०

मिति : २०७५/१२/२७

नियमन तथा व्यवस्थापन विभाग
(नियमन महाशाखा)

श्री सम्पूर्ण निष्काशन तथा विक्री प्रबन्धकहरु ।

***विषय : कार्यान्वयन गर्ने सम्बन्धमा ।***

महाशय,

उपर्युक्त सम्बन्धमा सबै वर्गका लगानीकर्ताहरुको सहभागिता बढाउन उपलब्ध भएसम्म सबै आवेदकहरुले १० कित्ता शेयर पाउने समावेशी वितरण प्रणाली र आश्वा व्यवस्था लागू भएपश्चात काठमाडौं बाहिर सहित देशैभर साना तथा आम लगानीकर्ताको सहभागिता बढ्दै गएको तहाँलाई विदितै छ ।

यसै परिप्रेक्ष्यमा सार्वजनिक निष्काशनमा हाल कम्तिमा ५० कित्ता आवेदन गर्ने व्यवस्था रहेकोमा सोलाई परिवर्तन गरी विद्यार्थी तथा स-साना पूँजी भएका वर्गको समेत पूँजीबजारमा पहुँच बढाउने र यसलाई अझ समावेशी बनाई यो बर्षको एक नेपाली एक डिम्याट खाता अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्यले सार्वजनिक निष्काशनमा न्यूनतम १० कित्ता पनि आवेदन गर्न पाउने व्यवस्था तत्काल कार्यान्वयन गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

भवदीय,

...................
(श्यामु मण्डल)
सहायक निर्देशक